जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २५४ • २०८३ असार २० गते शनिवार • 4 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सुरक्षा र न्याय परियोजनाको उपलब्धी उपमहानगरपालिकालाई हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असार



सुरक्षा र न्याय परियोजनाको सिकाई तथा उपलब्धी एक कार्यक्रमका बीच शुक्रबार जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको छ।


परियोजनाको तर्फबाट पिपुल इन निडका मधेश प्रदेश संयोजक सुनिलकुमार साह र दिव्य विकास श्रोत केन्द्रका परियोजना प्रबन्धक गणेश ठकुरीले जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहलाई सिकाई तथा उपलब्धी हस्तान्तरण गरेका हुन् ।

बेलायत सरकारको आर्थिक सहयोगमा पिपुल इन निडको नेतृत्व तथा दिव्य विकास स्रोत केन्द्रले संचालन गरेको 'सुरक्षा र न्याय कार्यक्रम' अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकामा लैंगिक हिंसा, समावेशीता, समानताबारे आम नागरिक सचेत हुँदै गएको छ। अघिल्लो समय जनकपुरधाम सहित मधेशमै लैंगिक हिंसामा कमी आएको जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख साहले दावी गरे। स्थानीय तहले महिलालाई ४० प्रतिशत र संघ र प्रदेशमा ३३ प्रतिशत आरक्षण हुँदा महिला पनि नेतृत्वदायी भूमिकामा अवसर पाइरहेको उनले बताए ।

कुनै बेला घरमै सीमित महिला अहिल भने सबै क्षेत्रमा अगाडि देखिएका छन्, उनले भने- यसले महिलाले पनि अवसर पाएको प्रष्टयाउँछ । मधेशमा पछाडि परेको महिला अहिले अगाडि हुन लागेको जिकिर गर्दै उनले पहिला जस्तो अवस्था अब नरहेकाले लैंगिक हिंसामा कमी आएको बताए ।

महिलामा पनि शिक्षाको विकास भएको हुनाले हिंसाका घटनामा क्रमिक रुपमा कमी आइरहेको उनले थपे । जनकपुरधाम उपमहानगरपालिका वडा नं. २२ का वडाध्यक्ष बिमलेश मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा परियोजना अन्तर्गत संचालन गरिएको क्रियाकलापबारे दिव्य विकास श्रोत केन्द्रका परियोजना प्रबन्धक गणेश ठकुरीले प्रकाश पारेका थिए । जनकपुरधामको वडा नम्बर ४, ८, १३, १४, १५, १७ र १९ संचालन गरिएको कार्यक्रम अन्तर्गत बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा संचालन कार्य विधि निर्माण, लैंगिक हिंसा निवारण कोष संचालन कार्य विधि, बालिका तथा समावेशी शिक्षा संजाल गठन परिचालन कार्य विधि, लैंगिक, समानता, अपांगता तथा सामाजिक समावेशी नीति निर्माण गरिएको ठकुरीले बताए । कार्यक्रम संचालनमा आइसकेपछि जनकपुरधाम उपमहानगरपालिकाले ९ वटा विद्यालयमा बालिका तथा समावेशी संजाल गठन गरिसकेको उनले बताए । पीजीआइएस नक्सांकन गरी लैंगिक हिंसा न्युनिकरण गर्न डेश बोर्ड हस्तान्तरण कार्यक्रम अन्तिम चरणमा रहेको उनले बताए । कार्यक्रमबाट जनकपुरधाम उपमहानगरपालिकाका दुई हजार ५ सय ७८ जना लाभान्वित भएकाले ठकुरीले उल्लेख गरे ।

धनुषाको जनकपुरधाम सहित महोत्तरीको जलेश्वर र लोहारपट्टी नगरपालिका, बाराको सिम्रोनगढ र सर्लाहीको बरहथवा नगरपालिकामा पनि सुरक्षा र न्याय कार्यक्रम संचालन भएको थियो ।




## एकडारा गाउँपालिका पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा




मो.इर्शाद
महोत्तरी, १९ असार

महोत्तरीको एकडारा गाउँपालिकालाई आर्थिक वर्ष २०८२/०८३ का लागि पूर्णखोप सुनिश्चित तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ।

एकडारा स्वास्थ्य चौकीको सभाहलमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष दीप नारायण मण्डलले गाउँपालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा गर्नुभएको हो। कार्यक्रममा स्वास्थ्य कार्यालय महोत्तरीकी नर्सिङ फोकल पर्सन प्रतिभा सिंहले पूर्णखोप सुनिश्चितता कायम राख्न नियमित अनुगमन, समुदायको सक्रिय सहभागिता तथा स्वास्थ्यकर्मीको निरन्तर जिम्मेवारी आवश्यक रहेको बताउनुभयो ।

गाउँपालिका अध्यक्ष मण्डलले राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि तथा अभिभावकको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा पनि कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा वडा अध्यक्षहरू सखीचन्द्र यादव र मनोज मण्डल, स्वास्थ्य शाखा प्रमुख महेन्द्र कुमार मण्डल, राम बाबु यादव, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, सञ्चारकर्मी तथा स्थानीयवासीको सहभागिता रहेको थियो । एकडारा गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न कार्यक्रममा "स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता - हाम्रो प्रतिबद्धता" भन्ने मूल नारासहित गाउँपालिकालाई औपचारिक रूपमा पूर्णखोप सुनिश्चित तथा दिगोपना गाउँपालिका घोषणा गरिएको हो ।

## धनुषामा पाँच प्रतिवादी पक्राउ

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असार

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय तोकिएपछि फरार रहेका पाँच जना प्रतिवादीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रबार जिल्ला अदालत धनुषाको फैसला कार्यान्वयन अभियान अन्तर्गत फरार रहेका प्रतिवादीहरूको खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक जना विगोसम्बन्धी मुद्दामा दोषी ठहर भई १ वर्ष ६ महिनाको कैद सजाय पाएका थिए । बाँकी चार जना लागूऔषधसम्बन्धी विभिन्न मुद्दाका फरार प्रतिवादी हुन् ।

उनीहरूमध्ये दुई जनालाई जनही १ महिना कैद र २०० रुपैयाँ जरिवाना, एक जनालाई ७ महिना कैद र ७ हजार रुपैयाँ जरिवाना तथा अर्का एक जनालाई १ महिना कैद र १ हजार रुपैयाँ जरिवाना हुने फैसला अदालतले गरेको थियो ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# आत्मसन्तुष्टि

*आफ्नो आत्मा सफा भए गर्छ काम राम्रो*
*सन्तुष्टि नै मनभित्र मिल्दछ है हाम्रो*
*रिस गर्छन् सधैं भरि अरुको त कोही*
*हुन्छ सधैं तिनलाई मनमा बेचैनी*

***

*दिन सके अरुलाई आँफु रित्तो भई*
*सन्तुष्ट यो मन हुन्छ हाम्रो सधैं लाई*
*लोभी अनि कन्जुस त हुन्छन् यस्ता पनि*
*चोरी ठगी गरेर त बन्छन् तिनै धनी*

***

*चोरेको र ठगेको ले सन्तुष्टि मिल्दैन*
*कैल्यै हुन्न शान्ति अनि जीवनै चल्दैन*
*सन्तुष्टि हुनलाई त राम्रो काम गर्नु*
*धन मात्रै भएर यहाँ कस्ले के गर्नु*

***

*दान पुण्य सद्भाव त गर्नु सबलाई*
*रिस डाहा फालीकन हिँडौं साथी भाई*
*नाङ्गो भोको जो छ यहाँ दिनु त्यसलाई*
*चैन गरे आफैं सन्तुष्टि छ कसलाई*

***

*धान्नु छ है चोला हाम्रो एकै छाकले नै*
*धेरै खाऊँ धेरै लाऊँ भन्न हुन्न कैल्यै*
*सधैं भरि परिश्रम गरी खानुपर्छ*
*सन्तुष्टि यो मन भित्र हुन्छ अनि हर्ष*

*कवि सरिफास*

# स्थानीय विद्यालय र क्रिकेट टोलीलाई खेलकुद सामग्री वितरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असार




जनकपुरधाम उपमहानगरपालिका-७ वडा कार्यालयले स्थानीय विद्यालय र क्रिकेट टोलीलाई खेलकुद सामग्री वितरण गर्दै खेलकुदको विकास तथा युवालाई सकारात्मक गतिविधितर्फ आकर्षित गर्ने अभियानलाई निरन्तरता दिएको छ ।

वडा कार्यालयले रामजानकी माध्यमिक विद्यालय तथा जनकपुरधाम-७ क्रिकेट टोलीलाई आवश्यक खेल सामग्री हस्तान्तरण गरेको हो । वडाध्यक्ष निरज साह 'मुन्ना'ले एक कार्यक्रमबीच सामग्री वितरण गर्दै खेलकुदले अनुशासन, नेतृत्व क्षमता र स्वस्थ जीवनशैलीको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले वडा कार्यालयले शिक्षा र खेलकुदलाई समान प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि प्रतिभावान खेलाडी र शैक्षिक संस्थालाई आवश्यक सहयोग निरन्तर उपलब्ध गराइने बताए । 'युवालाई कुलतबाट जोगाई सिर्जनात्मक र सकारात्मक गतिविधिमा जोड्ने सबैभन्दा प्रभावकारी माध्यम खेलकुद हो । त्यसैले, वडा कार्यालयले खेलाडी र विद्यालयलाई आवश्यक सहयोग गर्दै आएको छ र आगामी दिनमा पनि यसलाई निरन्तरता दिनेछ, 'वडाध्यक्ष साहले भने। विद्यालयका शिक्षक तथा स्थानीय खेल प्रेमीहरूले वडाको पहलले विद्यार्थी र युवा खेलाडीमा उत्साह थपिएको प्रतिक्रिया दिए ।

उनीहरूले यस्ता सहयोगले स्थानीय स्तरमा खेलकुदको विकाससँगै नयाँ प्रतिभा उत्पादनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे । वडा कार्यालयका अनुसार स्थानीय तहमा खेलकुदको आधार बलियो बनाउन र युवामा खेल संस्कृतिको विकास गर्ने उद्देश्यले आगामी दिनमा पनि यस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

# जानकी वृद्धाश्रमलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असार





सिटिजन बैंक लिमिटेडको जनकपुरधाम शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत जानकी वृद्धाश्रमलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री हस्तान्तरण गरेको छ । जनकपुरधाम उपमहानगरपालिका-८ स्थित वृद्धाश्रममा शुक्रबार आयोजित कार्यक्रममा बैंकका प्रतिनिधिहरूले करिब २७ हजार रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरेका हुन् ।

बैंकका अनुसार वृद्धाश्रमलाई ८ थान सिलिङ फ्यान, १८ थान साडी, २ कार्टुन फ्रुटी, सोयाबिन, चना, बिस्कुट लगायतका खाद्यान्न तथा दैनिक आवश्यक सामग्री उपलब्ध गराइएको हो । कार्यक्रममा बोल्दै बैंकका मधेश प्रदेश प्रमुख नितेश खड्कीले सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले समाजका विभिन्न क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको उल्लेख गरे ।

उनले ज्येष्ठ नागरिक, विपन्न तथा सहयोग आवश्यक समुदायप्रति सहयोग पुऱ्याउनु बैंकको सामाजिक दायित्व भएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए ।





**अनुरोधकर्ता**
**गणेशमान चारनाथ नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: खानपानमा समस्या आउने
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: लामो यात्राको योग छ
धनु: मित्रतामा फाटो आउने
मकर: आम्दानी हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# AHMIS सम्बन्धी ३ दिने तालिम सुरु, डिजिटल सूचना व्यवस्थापनलाई प्रभावकारी बनाइने




ओम प्रकाश साह
जनकपुरधाम, १९ असार

आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली ( AHMIS) सम्बन्धी तीन दिने तालिम जनकपुरधाममा सुरु भएको छ। मधेष प्रदेश सरकार, प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, जनकपुरधामको आयोजनामा सञ्चालन भएको उक्त तालिममा आयुर्वेद स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको उलेख्य सहभागिता रहेको थियो ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय जनकपुरधामका कार्यालय प्रमुख तथा आयुर्वेद चिकित्सक डा. महारुद्र ठाकुरको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश कुमार यादवको प्रमुख आतिथ्यमा तालीम भएको हो । उदघाटन सत्रमा अध्यक्षीय मन्तव्य व्यक्त गर्दै डा. ठाकुरले आयुर्वेद क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई समयानुकूल र प्रभावकारी बनाउनु अपरिहार्य रहेको बताए । उनले ब्ज:क्ष्क प्रणालीले सेवा प्रवाह, तथ्यांक व्यवस्थापन तथा नीतिगत निर्णय प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। त्यसैगरी, कार्यक्रमका प्रमुख अतिथी स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश कुमार यादवले स्वास्थ्य क्षेत्रमा डिजिटल प्रणालीको विस्तारले सेवाको गुणस्तर अभिवृद्धि हुने उल्लेख गर्दै सहभागीहरूलाई तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्न आग्रह गरे । उनले सूचना व्यवस्थापनलाई सुदृढ बनाउँदै जनतासम्म प्रभावकारी स्वास्थ्य सेवा पुर्याउन यस्ता तालिमहरू उपयोगी हुने बताए । तीन दिनसम्म सञ्चालन हुने तालिममा ब्ज:क्ष्क प्रणालीको प्रयोग, तथ्यांक प्रविष्टि, प्रतिवेदन व्यवस्थापन तथा डिजिटल अभिलेखीकरण सम्बन्धी विषयमा सहभागीहरूलाई व्यावहारिक प्रशिक्षण प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा कार्यरत लालबाबु साहले कार्यक्रम संचालन गरेका थिए ।

# होटल तथा रेष्टुरेन्टमा मन्त्रीद्वारा अनुगमन

जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ असार

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोको नेतृत्वमा शुक्रबार जनकपुरधामका होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनका क्रममा भानु चोकस्थित राजु होटललाई ४० हजार रुपैयाँ जरिवाना गरिएको छ ।

अनुगमन टोलीले होटलमा अत्यधिक फोहोर रहेको, सरसफाइको न्यूनतम मापदण्ड समेत पालना नगरेको तथा सर्वसाधारणलाई अस्वस्थकर खाना बिक्री गरेको भेटिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रेले तत्काल ४० हजार रुपैयाँ जरिवाना गरेका हुन् ।



त्यसैगरी, जनकपुरधामस्थित सीतासरण होटलमा समेत म्याद गुज्रिएका तथा उपभोगका लागि अयोग्य अखाद्य सामग्री फेला परेपछि ती सामग्री अनुगमन टोलीको उपस्थितिमै नष्ट गरिएको छ। अनुगमनपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री महतोले नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका विषयमा कुनै सम्झौता नहुने स्पष्ट पारे । उनले उपभोक्तालाई स्वच्छ, गुणस्तरीय र सुरक्षित खाद्य सामग्री उपलब्ध गराउनु व्यवसायीको दायित्व भएको उल्लेख गर्दै मापदण्ड विपरीत सञ्चालन हुने होटल तथा रेष्टुरेन्टमाथि कानुनबमोजिम कडा कारबाही गरिने बताए ।

उनले अनुगमन कुनै एक दिनको कार्यक्रम नभई नियमित रूपमा सञ्चालन हुने अभियान भएको उल्लेख गर्दै सबै व्यवसायीलाई सरसफाइ कायम राख्न, खाद्य वस्तुको गुणस्तर सुनिश्चित गर्न र उपभोक्ताप्रति जिम्मेवार बन्न आग्रह गरे ।

जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय प्रशासन तथा सुरक्षा निकायको संयुक्त टोलीले जनकपुरधामका विभिन्न होटल तथा रेष्टुरेन्टमा अनुगमनलाई निरन्तरता दिएको जनाएको छ ।

# राजर्षिजनक विश्वविद्यालयको उपकुलपतिमा लाभ नियुक्त

*जनकपुरधाम ।* राजर्षिजनक विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. श्याम नारायण लाभ नियुक्त भएका छन्। प्रधानमन्त्री वालेन्द्र शाहले शुक्रबार उनलाई उपकुलपति नियुक्त गरेका हुन् ।

उनको नियुक्तिपछि राजर्षिजनक विश्वविद्यालय परिवारले बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । विश्वविद्यालय परिवारले जारी गरेको शुभकामना सन्देशमा प्रा.डा. लाभको नियुक्तिले विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक विकासले नयाँ गति लिने विश्वास व्यक्त गरिएको छ । शिक्षा क्षेत्रमा उनको लामो अनुभव, उच्च प्राज्ञिक छवि र सबल नेतृत्व क्षमताले विश्वविद्यालयलाई उच्च शिक्षाको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।




अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
बिदेह नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
सबैला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# विज्ञान मन्त्रालय : समृद्ध नेपालको अवसर

-नेपालमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय गठन भएसँगै अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिने अवसर आएको छ। प्राकृतिक स्रोत, जडीबुटी, जलविद्युत् र प्रविधि क्षेत्रमा अपार सम्भावना भए पनि नीति, अनुसन्धान र व्यवस्थापनमा कमजोरीका कारण ती पूर्ण रूपमा उपयोग हुन सकेका छैनन् । मन्त्रालयको सफलता बजेट मात्र होइन, सही नेतृत्व, जवाफदेहिता र युवालाई अवसर दिने वातावरण सिर्जना गर्नमा निर्भर रहनेछ । तीन वर्षसम्म म न्युजिल्यान्डको अकलान्ड संरक्षण बोर्डमा वातावरण मन्त्रालयको मन्त्रीस्तरीय नियुक्तिमा सदस्यका रूपमा बसें र त्यो बोर्डमा एक मात्र नेपाली म नै थिएँ ।

यहाँका अधिकारीहरू कुनै पनि निर्णय लिनुअघि अनुसन्धान हेर्थे, तथ्य खोज्थे, प्रश्न गर्थे । यहाँ बस्नेका लागि यो सामान्य कुरा थियो तर नेपालमा हुर्केको मानिसका लागि भने नीतिगत तहमा यसरी बाहिरी विज्ञ र नागरिकको योगदान औपचारिक रूपमा समावेश गरिने दृश्य नौलो थियो । केही वर्षअघि काठमाडौंको एउटा फरक प्रसंग सम्झना आउँछ ।

तीन सातादेखि मात्र नेपालमा रहेका एक विदेशी सल्लाहकारले स्विट्जरल्यान्डमा बनेको खाका देखाएर नेपालले वन कसरी व्यवस्थापन गर्ने भनी सिकाइरहेका थिए । छेउमा बसेका एक अधिकारीले खुसुक्क भने, 'उनलाई थाहा छैन, हामीले यस्तै कुरा २००१ मै गरेका थियौं ।' मलाई थाहा थियो किनभने त्यो प्रमाण त्रिभुवन विश्वविद्यालयको दराजमै थियो । तर त्यो दराजबाहिर कसैले पढेकै थिएन । हामीसँग भएको ज्ञान र सरकारले गर्ने काम, यी दुईबीचको यही खाडल नै आजको मुख्य समस्या हो । तर, अहिले एउटा राम्रो अवसर छ । वर्षौंदेखि अनुसन्धान, विज्ञान र नवप्रवर्तन देशका लागि अपरिहार्य छ भन्ने वकालत गर्दै आएको नाम हो, महावीर पुन । आज उनी आफैं मन्त्री भएका छन् । वर्षौंदेखि उनले विज्ञान र प्रविधिलाई शिक्षा मन्त्रालयबाट छुट्याउनुपर्ने माग गर्दै आएका थिए । मे २०२६ सम्म आइपुग्दा सरकारले नयाँ विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय नै बनायो । अहिले पुन यसै मन्त्रालयको मन्त्री छन् । कुनै पनि मन्त्रालय चलाउन बजेट आवश्यक पर्छ र विश्वका धेरै देशले आफ्नो कुल बजेटको निश्चित प्रतिशत अनुसन्धान र नवप्रवर्तनकै लागि खर्च गर्ने गरेका छन् । जस्तै, इजरायलले जीडीपीको ५ प्रतिशत अनुसन्धानमा खर्च गर्छ, न्युजिल्यान्डले विज्ञान, नवप्रवर्तन र शिक्षामा जीडीपीको करिब १.५ प्रतिशत खर्च गर्छ, दक्षिण कोरियाले ४.५ प्रतिशत र अमेरिका, बेलायत तथा जापानले करिब ३ प्रतिशत । अनुसन्धान र नवप्रवर्तन साँच्चै महत्त्वपूर्ण हो भन्ने उदाहरण एउटा निजी कम्पनीको उदाहरणबाट पनि पाउन सकिन्छ, जो सुन्दा साँच्चै अविश्वसनीय लाग्छ ।

सामसुङ एक्लैले सन् २०२५ मा अनुसन्धानमा मात्रै झन्डै ३८ खर्ब रुपैयाँ खर्च गरेको थियो, जो नेपालको वार्षिक बजेटको करिब दोब्बर हो । नयाँ मन्त्रालयलाई अहिलेसम्म करिब साढे ४ अर्ब रुपैयाँ बजेट दिइएको छ, जो कुल पुँजीगत बजेटको करिब १ प्रतिशत हो । यो सानो रकम हो र पुन आफैंले संसद्मा स्वीकार पनि गरेका छन्, मन्त्रालय नयाँ भएकाले कार्यक्रम बनाउने काम बाँकी छ । हामीसँग के छ ? हामीसँग प्रचुर प्राकृतिक स्रोत छ । नेपाल जलस्रोतमा विश्वकै दोस्रो धनी देश मानिन्छ र हामीसँग करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने सम्भावना छ, जसमध्ये आर्थिक र प्राविधिक हिसाबले हेर्दा पनि ४२ हजार मेगावाटसम्म सम्भव छ । एक समय १८ घण्टासम्म लोडसेडिङ हुने नेपालमा अहिले समस्या नै बिजुली कहाँ बेच्ने भन्ने भएको छ र भारत एवं बंगलादेशसँग आगामी दशकमा १० हजार मेगावाटसम्म बिजुली बेच्ने सम्झौता पनि भइसकेको छ । अझ अगाडि बढ्दा पानी बढी भएका बेला हरित हाइड्रोजन र अमोनिया बनाएर बेच्न सकिने सम्भावनामा सरकार नीति तयार पारिरहेको छ । यो सफल भयो भने नेपाल ऊर्जामा आत्मनिर्भर हुने मात्र होइन, ऊर्जा निर्यातक देशसमेत बन्न सक्छ । नेपालमा अहिले २ हजारभन्दा बढी प्रविधि कम्पनी छन्, एक लाखभन्दा बढी दक्ष युवा यसमा काम गरिरहेका छन् र वार्षिक झन्डै १ अर्ब डलर अर्थात् करिब डेढ खर्ब रुपैयाँ बराबरको आईटी सेवा निर्यात भइरहेको छ । जडीबुटीको कुरा गर्दा नेपालमा बर्सेनि ८० हजार टनभन्दा बढी उत्पादन हुन्छ र यसको ९० प्रतिशत बाहिर जान्छ । तर विडम्बनाको कुरा के छ भने यसमध्ये अधिकांश कुनै प्रशोधन नगरिएको, कच्चै निर्यात हुन्छ र विश्व बजारमा नेपालको हिस्सा जम्मा ०.००६ प्रतिशत मात्र छ । यार्चागुम्बु, जटामसीजस्ता अन्य बहुमूल्य जडीबुटी हामी कच्चै बेचिरहेका छौं, जबकि यिनलाई औषधिमा प्रशोधन गरेर बेच्न सकियो भने मूल्य दसौं गुणासम्म बढ्न सक्छ । लौठसल्लाबाट क्यान्सरको औषधिमा प्रयोग हुने रसायनसमेत निकाल्न सकिन्छ तर प्रविधि र अनुसन्धान नभएकाले हामी आजसम्म कच्चा सामग्री बेचेरै बसेका छौं । आयुर्वेद औषधि उद्योगचाहिँ केही आशालाग्दो छ, पछिल्लो वर्ष नेपालबाट यसको निर्यात ३२ प्रतिशतले बढेको छ तर अझै ७० प्रतिशतभन्दा बढी कच्चा पदार्थ र मेसिनरी सामान भारतबाटै आयात गर्नुपर्छ । आफ्नै जडीबुटी आफैंले प्रशोधन गर्न नसकेर बाहिर पठाउने अनि त्यही प्रशोधित औषधि फेरि किनेर ल्याउने, यसभन्दा विडम्बना के हुन सक्छ ? पर्यटनको कुरा गर्दा विश्वका १४ अग्ला हिमालमध्ये ८ नेपालमै छन् र गौतम बुद्धको जन्मभूमि लुम्बिनी पनि हाम्रै हो । पशुपतिनाथ, मुक्तिनाथ, स्वयम्भू, बौद्धनाथ कुनै पनि देशले यति धार्मिक र प्राकृतिक सम्पदा एकैसाथ पाउँदैनन् । तर, पूर्वाधार र व्यवस्थापनको कमीले यो सम्भावना पूरै प्रयोग हुन सकेको छैन । सबैभन्दा लोभलाग्दो तथा सम्भावना बोकेको क्षेत्र हेर्ने हो भने प्रविधि क्षेत्र नै हो । नेपालमा अहिले २ हजारभन्दा बढी प्रविधि कम्पनी छन्, एक लाखभन्दा बढी दक्ष युवा यसमा काम गरिरहेका छन् र वार्षिक झन्डै १ अर्ब डलर अर्थात् करिब डेढ खर्ब रुपैयाँ बराबरको आईटी सेवा निर्यात भइरहेको छ । यो क्षेत्र अझै उज्यालोमा पर्न सकेको छैन र धेरैलाई यसबारे पर्याप्त ज्ञान छैन तर यो नेपालको सबैभन्दा आशालाग्दो अवसर पनि हो किनभने यहाँ न पानी चाहियो, न जमिन, न खनिज, चाहियो त केवल दक्षता र इन्टरनेट । यस क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन र सहयोग गर्नुपर्ने देखिन्छ किनभने यसले स्वरोजगार सिर्जना गर्न, दक्ष जनशक्तिलाई नेपालमै टिकाइराख्न र देशको अर्थतन्त्रलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । कसरी सम्भव छ त ? यी सबै स्रोतलाई जोड्ने माध्यम भनेकै अनुसन्धान र प्रविधि हो । जलविद्युत्लाई हाइड्रोजनमा बदल्ने प्रविधि, जडीबुटीलाई औषधिमा बदल्ने प्रविधि र सफ्टवेयर निर्यातलाई अझ फैलाउने नीति, यी सबै ठ्याक्कै त्यही काम हो जो नयाँ विज्ञान मन्त्रालयले गर्नुपर्नेछ । तर बजेट मात्रले परिवर्तन ल्याउँदैन । पैसा आवश्यक हो तर पर्याप्त होइन । सही व्यक्ति सही ठाउँमा, सही संस्थामा, सही अधिकारसहित र सही सार्वजनिक उद्देश्यका लागि पुगेपछि मात्र बजेटले परिणाम दिन्छ । नेपालको आफ्नै अनुभवले पनि यही देखाएको छ ।

विगतमा जब-जब सरकारी स्वामित्वका उद्योगहरूमा सक्षम, इमानदार र परिणाममुखी नेतृत्व पुगेको थियो, ती उद्योगहरू घाटाबाट निस्केर नाफामा गएका उदाहरण छन् ।

साभार : कान्तिपुर ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०३।२०

कम्पनीको विशेष/बार्षिक साधारण सभाको निर्णय बमोजिमको साविक (**ब्राईट होप ईङ्गलिस बोर्डिङ्ग स्कुल दैलेख**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायत्व आदि परिवर्तित नाम (**बचपन स्मार्ट स्कुल धनुषा**) दर्ता नं. १४१३३५ ले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी (**बचपन स्मार्ट स्कुल धनुषा**) कायम गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३।०३।२०

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ ।




**अनुरोधकर्ता**
**बटेश्वर गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday